नेपाल गजेट

भाग २

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १२] काठमाडौं, भाद्र ५ गते २०१९ साल [अतिरिक्ताङ्क १४ (ख)

श्री ५ को सरकार

कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराजबाट बनाइबक्सेको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०१९ सालको ऐन नं. १३ क

स्वस्तिश्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत ओजस्विराजन्य प्रोज्ज्वल नेपालतारा अतिओजस्वी त्रिभुवन प्रजातन्त्र श्रीपद ॐ रामपट्ट अतुल ज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखा दक्षिणबाहु महाधिपति फील्ड मार्शल र सर्वोच्च कम्याण्डर इन-चीफ श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराज महेन्द्र वीर विक्रम जङ्गबहादुर शाहबहादुर शमशेर जङ्ग देवानाम् सदा समरविजयिनाम् ।

इण्डो नेपाल औद्योगिक कर्पोरेशन ऐनलाई संशोधन गर्न बनको ऐन ।

प्रस्तावना :- इण्डो नेपाल औद्योगिक कर्पोरेशन ऐन, २०१९ (यस पछि मूल ऐन भनिएको) लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट नेपाल अधिराज्यको संविधानको धारा ५५ अनुसार यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यस ऐनको नाम इण्डो नेपाल औद्योगिक कर्पोरेशन (संशोधन) ऐन, २०१९ रहेकोछ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. मूल ऐनको प्रस्तावनामा संशोधनः– मूल ऐनको प्रस्तावनाको पहिलो प्रकरणमा रहेको 'सन् १९६१ अगष्ट २१ तारिखका दिन श्री ५ को सरकार र उक्त कम्पनीको बीचमा सम्झौता भएको" भन्ने शब्दहरूको सट्टा "सन् १९६२ फेब्रुअरी १४ तारिखका दिन श्री ५ को सरकार र उक्त कम्पनीको बीचमा सम्झौता भएको" भन्ने शब्दहरू राखिएको छ ।

३. बचाउः– नेपाल अधिराज्यको संविधानको धारा ५५ को उपधारा (४) बमोजिम यो ऐन निष्क्रिय भएमा यो ऐनलाई कुनै अर्को नेपाल ऐनले खारेज गरे सरह मानिई यो ऐन अन्तर्गत भए गरेका कुराहरूमा नेपाल कानून व्याख्या सम्बन्धी ऐन, २०१० को दफा ४ लागू हुनेछ।

इति सम्वत् २०१९ साल गते रोज शुभम्–

लालमोहर सदर मितिः २०१९।५।४।२ मा

आज्ञाले–
बिनोदप्रसाद बिताल
श्री ५ को सरकारको सह–सचिव,
कानून तथा न्याय मन्त्रालय ।

गोरखापत्र छापाखानामा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

228